# स्वर्गीय जीवन

*विलियम ला*

कसलाई थाहा छैन शुद्धता र पवित्रताको कुरा गर्नुभन्दा उत्तम शुद्ध र पवित्र हुनु हो? कसलाई थाहा छैन, कुनै व्यक्ति सामान्य जीवनमा जति शुद्ध, पवित्र र न्यायपूर्ण छ, त्योभन्दा अधिक शुद्ध, पवित्र र न्यायपूर्ण त्यस व्यक्तिको मूल्याङ्कन गर्नु हुँदैन? यदि यो स्पष्ट छ भने, तब यो पनि स्पष्टै छ कि पवित्र प्रार्थनाहरूको आयोजन गर्नुभन्दा उत्तम पवित्र हुनु हो ।

हरेक सचेत पाठकले सरलतासाथ बुझ्ने छ, सार्वजनिक या निजी ठाउँहरूमा, प्रार्थनाहरूको वासत्विक र महान् महिमालाई कम गर्ने मेरो कुनै मनसाय छैन, बरु भक्तिपूर्ण जीवनको तुलनामा भक्तिका एक साधारण हिस्सा प्रार्थनाहरू हुन् भन्ने कुराको पाठकलाई बोध गराउनु मेरो मनसाय छ ।

घमण्डले भरिएको हुँदाहुदै, घुँडा टेक्ने; पृथ्वीमा खजानाहरू एकत्र गरि रहँदा-रहँदै, स्वर्गीय याचनाहरू; संसारका मूर्खताहरूमा जीवनयापन गर्दागर्दै पवित्र भक्तिहरू; घृणा र असन्तोषले ह्रदय भरिएको हुँदाहुँदै, विनम्रता र दानशीलताका प्रार्थनाहरू; बेकामका विचलन, उद्दण्ड भ्रमण र मूर्ख सुखहरूमा दिनहौं र वर्षौं समर्पण गर्दागर्दै, केही घण्टाका प्रार्थनाहरू परमेश्वरका लागि त्यत्ति बेकार र अस्वीकार्य सेवाहरू हुन् जति व्यग्रता र असन्तोषमा जीवनयापन गर्ने कुनै व्यक्तिका धन्यवाद चढाउने प्रकारहरू ।

हाम्रा प्रार्थनाहरूको साझा अभिप्राय अनुसार हाम्रा जीवनहरूका सामान्य गतिविधि नभएसम्म, वासत्विक वा पर्याप्त स्तरका भक्ति हुनुभन्दा हाम्रा प्रार्थनाहरू त्यत्ति टाढा छन् कि ती खोक्रा ओठे-सेवा वा, त्यसभन्दा कमसल, कुख्यात पाखण्ड बन्छन् ।

मान्छेहरूका सबै व्यवस्थाहरूले क्रिश्चियन जीवनको एकै सर्वोत्तम निपुणताको लागि श्रम गर्नु र अभिलाषा गर्नु हो भन्ने कुरामा हामीलाई सहमत गराउन उपरोक्त कथन पर्याप्त होस् ।

त्यस कारण प्रार्थनामा रहेको पवित्रताका लागि जीवनमा पनि त्यही पवित्रता चाहिन्छ भन्ने कुरा जति निश्चित छ त्यति नै सुनिश्चित रूपमा सबै क्रिश्चियनहरूलाई जीवनमा एकै पवित्रताको लागि बोलाइएको छ ।

कुनै व्यापारीलाई सुसमाचारको प्रचार गर्न बोलाइएको छैन, तर हरेक व्यापारीको लागि आफ्नो सार्वजनिक जीवनमा श्रद्धावान्, विनम्र र पवित्र हुने दायित्व त्यति नै छ जति पादरीको लागि आफ्नो व्यवसायका सबै हिस्साहरूमा उत्साही, विश्वासी, र परिश्रमी हुने अभिभारा छ ।

क्रिश्चियनहरूका हैसियतमा, सबै क्रिश्चियनहरूका लागि एकै बोलावट छ, क्रिश्चियन आत्माको उत्कृष्टता अनुसार ज्यूनु र आ-आफ्नो सामान्य जीवनको हरेक स्वभावमा सुसमाचारका कोमल उपदेशहरूलाई नियम र मानक बनाउनु । एक जनाको लागि आवश्यक चीज सबैका लागि आवश्यक छ ।

संसारमा रहेका जीवनका कैयौं तरिकाहरूमा आराधनाका बाहिरी पद्धतिहरूमा अभिवृद्धि गर्न र त्यसरी फैशन र संसारको चेतनाले स्वीकार गरेका स्वभाव तथा आनन्दहरूमा पहिला जस्तै मान्छेहरूलाई छोड्न परमेश्वरका पुत्र स्वर्गबाट आउनु भएन । बरु जसरी उहाँ स्वर्गबाट पूर्ण रूपमा आफ्नै प्रकृतिमा पवित्र र स्वर्गीय भएर आउनु भयो, त्यसरी मानिसहरूलाई पवित्र र स्वर्गीय जीवन ज्यूनुप्रति उहाँको बोलावट थियो; मान्छेहरूका पूर्ण प्रकृति र स्वभावमा उच्चतम परिवर्तन उहाँको बोलावट थियो; पवित्र आत्मासँग नवजीवन प्राप्त गर्नु उहाँको बोलावट थियो; परमेश्वरका बुद्धिमता, प्रकाश र प्रेममा जीवनयापन गर्नु र आ-आफ्नो सम्पूर्ण सामर्थ्यमा उहाँ जस्तै हुनु उहाँको बोलावट थियो;

महानता होस्, व्यवसाय होस्, वा आनन्द होस्, संसारका सर्वाधिक प्रशंसनीय तरिकाहरू त्याग गर्नु उहाँको बोलावट थियो; मानिसहरूका सबै स्वीकार्य आसक्तिहरूलाई आत्मदमन गर्नु र त्यस्तो बुद्धिमता, शुद्धता एवं पवित्रतामा जीवनयापन गर्नु जसले उनीहरूलाई अनन्त कालसम्म परमेश्वरका आनन्दमा बस्न तेजस्वी र उपयुक्त बनाउन सक्छ, उहाँको बोलावट थियो ।

त्यस कारण जे केही पनि कुनै क्रिश्चियनको जीवनमा मूर्ख, हास्यास्पद, व्यर्थ, वा सांसारिक, अथवा कामुक छ, त्यो नहुने कुरा हो; त्यो त्यस्तो दाग, त्यस्तो मलिनता हो जसलाई पश्चातापका आँसूहरूद्वारा धुनु पर्छ । तर यदि यस्तो प्रकारको कुनै चीज हाम्रो सम्पूर्ण जीवनमा चल्दै गर्छ, यदि हामी व्यर्थ, मूर्ख वा कामुक हुने चीजहरूमा आफूलाई बग्न दिन्छौँ, हामी आफ्नो विश्वासलाई परित्याग गर्छौं ।

जति निश्चित रूपमा प्रभु येशू बुद्धिमता र पवित्रता हुनुहुन्थ्यो, जति निश्चित रूपमा उहाँ हामीलाई आफू जस्तै बनाउन र उहाँकै भावनामा बपतिस्मा गर्न आउनु भयो, त्यति नै निश्चित यो कुरा छ कि आफ्नो भरमग्दुर सामर्थ्यसँग बुद्धिमान, पवित्र र स्वर्गीय जीवन ज्यूनेवाला बाहेक अरू कसैले पनि आफूलाई क्रिश्चियन विश्वासमा राख्न सक्दैन । यही, केवल यही नै क्रिश्चियानिटी हो : हाम्रा सबै गतिविधिहरूमा एक स्वर्गीय बुद्धिमता, संसारको भावना र स्वभाव नअपनाउनु ।